जनकपुरधाम उप-महानगरपालिका

𑒖𑒢𑒏𑒣𑒳𑒩𑒡𑒰𑒧 𑒅𑒣-𑒧𑒯𑒰𑒢𑒑𑒩𑒣𑒰𑒪𑒱𑒏𑒰

# नगर कार्यपालिकाको कार्यालय

जनकपुरधाम, धनुषा

मधेश प्रदेश, नेपाल


पत्र संख्या :- २०८१/२०८२

चलानी नं. :-

---

**<u>फोहोरमैला व्यवस्थापन स्थलका लागि जग्गा बहालमा दिन प्रस्ताव माग गरिएको सूचना ।</u>**

**तेश्रो पटक प्रकाशित मिति :२०८२/०१/२५**

यस जनकपुरधाम उप-महानगरपालिका क्षेत्रमा दैनिक उत्पादन हुने फोहोरमैलाको व्यवस्थापन गर्नका लागि जग्गा आवश्यक भएकोले उप-महानगरपालिकालाई जग्गा दिन इच्छुक यस ज.उ.म.न.पा. क्षेत्रभित्रका जग्गाका जग्गाधनीहरुवाट देहायका शर्तहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिबाट ७ दिनभित्र यस कार्यालयमा प्रस्ताव पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

<u>शर्तहरुः</u>

१. जग्गा एकै ठाउँमा हुनु पर्ने छ। साँध सीमाना मिल्दो जग्गा भए फरक फरक जग्गाधनीहरु मिलेर पनि आवश्यक जग्गा दिने गरि निवेदन दिन सकिनेछ।

२. निवेदनका साथमा नेपाली नागरिकताको प्रमाणपत्र, जग्गा धनीदर्ता प्रमाणपत्र, चालू आ.व.को मालपोत तिरेको रसिद, जग्गाको नक्सा संलग्न राखि जग्गाधनी स्वयंम यस कार्यालयमा उपस्थित भै निवेदन दिनु पर्नेछ ।स्वयंम उपस्थित हुन नसक्ने जग्गाधनीले प्रचलित कानुन वमोजिम प्रतिनिधि तोकी पठाउनु पर्नेछ।

३. जग्गाले बस्ती समुदाय, विद्यालय, बाटोघाटो, कुलोपैनी, मसानघाट, सार्वजनिक जग्गा, चरनक्षेत्र, वन क्षेत्र, सार्वजनिक/सामुदायिक भवन, कार्यालयहरु, नदीनाला आदिको क्षेत्र अतिक्रमण नगरेको, जग्गाको स्वामित्व तथा हकंभोग सम्वन्धमा कुनै करकिचलो नभएको, मोही नभएको, गाडी जान सक्ने बाटो र बस्ती तथा विद्यालय भन्दा कम्तीमा एक किमी. टाढा रहेको हुनुपर्नेछ।

४. निवेदनमा जग्गा कुन दरमा दिन सक्ने हो स्पष्ट हुने गरि अंक र अक्षरमा खुलेको हुनुपर्नेछ ।

५. प्राप्त निवेदनहरुबाट सम्भाव्य देखिएका जग्गाहरुमा पूर्व सम्भाव्यता अध्ययन र वातावरणीय परीक्षण गरि प्रक्रिया अघि बढाइनेछ।

६. यस सम्बन्धमा थप कुरा बुझ्नुपर्ने भएमा कार्यालयमा सम्पर्क गर्न सकिने छ।

प्रमुख प्रशासकीय अधिकृत